# अफवाह (हल्ला) र प्रत्यूत्तर (जवाफ)

२४ फेब्रुवरी २०२१

संस्करण २

## नेपालमा हर्ड इम्यूनिटी भइसक्यो किनभने यहाँ संक्रमणको दर कम भएको छ, त्यसैकारण खोप लगाइरहन आवश्यक छैन ।

यो कुरा सही होइन । कोभिड–१९ संक्रमण रोक्न कुन स्तरको हर्ड इम्यूनिटी आवश्यक पर्छ भन्ने कुरा हामीलाई थाहा छैन । प्राकृतिक संक्रमणमार्फत हर्ड इम्यूनिटीमा निर्भर हुनु खतरापूर्ण हुन्छ, किनभने प्राकृतिक सक्रमणमा गम्भीर रोगहरु र मृत्यु हुने ठूलो जोखिम हुन्छ ।

स्रोत : डब्लुएचओ

## पहिलो डोज लगाएका व्यक्तिहरुले सुरक्षित रहेको नभनेसम्म हामी सबैले यो खोपको बहिष्कार गर्नुपर्छ ।

कोभिड–१९ विरुद्ध प्रयोग भैरहेको खोपहरु सुरक्षित र प्रभावशाली छन् । नेपालमा प्रयोग भैरहेको खोपलाई विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले आपतकालीन प्रयोगका लागि सूचिकृत गरिसकेको छ । नेपालमा अहिलेसम्म ४ लाख ३० हजार डोज खोप सुरक्षित रुपमा लगाइसकिएको छ । खोप लगाउनेमा नेपालका स्वास्थ्यकर्मीहरु समेत रहेकाछन् । यो खोप नेपालमा र प्रयोग भएको अन्य देशहरुमा सुरक्षित रहेको बताइएको छ ।

स्रोत : डब्लुएचओ

## अग्रपंक्तिमा काम गर्ने धेरैले संकोच मानेर खोप लगाउने कार्यमा सहभागी भएनन् ।

यो सत्य होइन । सरकारले निर्धारण गरेको प्राथमिकता अनुसार, पहिलो प्राथमिकतामा पर्ने ८२ प्रतिशत व्यक्तिहरुले खोप लगाइसकेका छन् । हाल कोभिड–१९ बाट संक्रमित स्वास्थ्यकर्मीहरुले संक्रमणका कारण खोप लगाउन पाएनन् । संक्रमणमुक्त भएपछि उनीहरुले खोप लगाउने छन् ।

स्रोत : डब्लुएचओ

## खोप गरिब देश र त्यहाँ जनतामाथि परीक्षण गरिन्छ । हाम्रो देशलाई सबैले खोप परीक्षण गर्ने प्रयोगशाला बनाइरहेका छन् ।

यो गलत हो । कोभिसिल्ड खोप र एस्ट्रा जेनेका खोप एउटै हो । एस्ट्रा जेनेका खोपले बेलायत र युरोपमा स्वीकृति पाइसकेको छ र यो बेलायत र युरोपेली मुलुकहरु जस्ता धेरै विकसित मुलुकहरुमा प्रयोग भइरहेको छ ।

१५ फेब्रुवरी २०२१ मा विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले एस्ट्रा जेनेका÷अक्फोर्ड कोभिड–१९ खोपको दुई वटा संस्करणलाई आपतकालीन प्रयोगका लागि सूचीकृत गर्दै कोभ्याक्स्मार्फत ती खोपहरु विश्वभरी प्रयोग गर्न अनुमति दियो । यी खोपहरु एस्ट्रा जेनेका–एसकेबायो (गणतन्त्र कोरिया) र भारतको सेरम इन्स्टिट्यूटले उत्पादन गर्छन् ।

भारत, बङ्गलादेश र नेपालले पनि भारतको सेरम इन्स्टिट्यूटले उत्पादन गरेको कोभिसिल्ड खोप प्रयोग गर्छन्, जुन एस्ट्रा जेनेका खोप सरह नै हो ।

स्रोत : डब्लुएचओ

## म कोभिड–१९ बाट संक्रमित भई निको भइसकेको व्यक्ति हो, मैले किन खोप लगाउनु पर्छ र ।

कोरोना भाईरसबाट संक्रमित भई निको भइसकेका सबैले कोरोना भाइरसविरुद्धको खोप लगाउनु पर्छ । विश्व स्वास्थ्य सङ्गठन अनुसार, कोरोना भाईरसबाट संक्रमित भई निको भइसकेका व्यक्तिले खोप लगाउनु पर्छ किनभने पुनःसंक्रमणको सम्भावना रहन्छ । खोप लगाइनुपर्छ किनभने संक्रमणमुक्त भएपछी उत्पादन भएको एन्टीबडी शरीरमा कति लामो समयसम्म बस्छ र संक्रमणपछिको प्रतिरक्षा प्रणालीको प्रतिकार्य फेरी हुने संक्रमणका लागि पर्याप्त रुपमा बलियो हुन्छ वा हुँदैन भन्ने कुरा निश्चित छैन । राष्ट्रिय खोप परामर्श समिति नेपालले शिफारिस गरे अनुसार कोरोना भाइरसबाट निको भएको कम्तीमा पनि ४ हप्तापछि खोप लगाउनु पर्छ ।

स्रोत : डब्लुएचओ

**कोभिसिल्डले काम गर्दैन र यो अन्य देशहरुमा प्रतिबन्धित छ ।**

**कोभिसिल्ड खोपको विश्वसनीयता पुष्टि भएको छैन ।**

हामीले जानकारी पाएसम्म, कोभिसिल्ड वा एस्ट्राजेनेका खोप कुनै पनि देशमा प्रतिबन्धित छैन । कोभिशिल्ड खोप भरपर्दो, सुरक्षित र प्रभावशाली छ ।

१५ फेब्रुवरी २०२१ मा  विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले एस्ट्रा जेनेका÷अक्फोर्ड कोभिड–१९ खोपको दुई वटा संस्करणलाई आपतकालीन प्रयोगका लागि सूचीकृत ग¥यो । यी खोपहरु एस्ट्रा जेनेका–एसकेबायो (गणतन्त्र कोरिया) र भारतको सेरम इन्स्टिट्यूटले उत्पादन गर्छन्, र त्यसमा नेपालमा प्रयोग भइरहेको कोभिसिल्ड खोप हो ।


डब्लुएचओको आपतकालीन प्रयोग सूचीकरण (इयुएल)ले कोभिड–१९ खोपहरुको गुणस्तर, सुरक्षा र प्रभावकारिताको मुल्याङ्कन गर्दछ । यसले कोभिड–१९ खोपहरुको आयात र प्रयोगलाई अनुमति दिने देशहरुको आफ्रा कानुनी अनुमोदन कार्यलाई द्रुत गति प्रदान मद्दत गर्छ ।

स्रोत : डब्लुएचओ

**कोभिसिल्ड भन्दा स्थानीय जडिबुटीबाट बनेको औषधि बढी प्रभावकारी हुन्छ ।**

त्यस प्रकारका स्थानीय औषधिहरु कोभिड–१९ विरुद्ध प्रभावकारी हुन्छन् भन्ने कुनै वैज्ञानिक प्रमाण छैन ।

स्रोत : डब्लुएचओ



**प्रश्न र जिज्ञासाहरुका लागि सम्पर्क :**
हटलाइन टेलिफोन नम्बरहरु :
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
१११५, ११३३, १०९२

UNITED NATIONS NEPAL